नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

## खण्ड ६, संख्याः २०, फाल्गुण ३० गते, २०७९ साल

सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

# बालक्लब सञ्जाल गठन तथा सहजीकरण निर्देशिका, २०७९

गाउँकार्यपालिका बाट स्वीकृत मितिः २०७९।११।२९

प्रस्तावना

नेपालको संविधान, २०७२ को मौलिक हकमा उल्लेख भएको बालबालिकाको सहभागिताको अधिकार तथा नागरिकहरूको संगठन, स्वतन्त्रता र शान्तिपूर्ण भेला हुन पाउने अधिकारको व्यवहारिक कार्यान्वयनमा सहयोग पुऱ्याउन, नेपाल सरकारले लागू गरिआएको बालमैत्री स्थानीय शासन रणनीति अन्तर्गत बाल क्लव गठन तथा सहजीकरण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी ढंगले लागू गर्न गराउन, स्थानीय तहलाई सहयोग पुगोस भन्ने उद्देश्यले नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको नमुना निर्देशिकालाई आधार मानी यस गाउँपालिका भित्र बाल क्लव तथा संजाल गठन र व्यवस्थापन मार्फत सार्थक बाल सहभागिता सुनिश्चित गर्नका लागि **सिद्धलेक** गाउँपालिकाले बाल क्लव तथा बाल संजाल गठन, व्यवस्थापन तथा सहजीकरण निर्देशिका, २०७९ जारी गरेको छ ।

परिच्छेद १ :

प्रारम्भिक

## १.संक्षिप्त नाम र प्रारम्भ

१) यस निर्देशिकाको नाम "बालक्लव तथा संजाल गठन, व्यवस्थापन तथा सहजीकरण निर्देशिका,२०७९" रहको छ ।

२) यो निर्देशिका गाउँ कार्यपालिकाबाट अनुमोदन भएको भोलिपल्ट देखि नै लागू हुनेछ।

## २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकाको प्रयोजनका लागि निम्न परिभाषा कायम गरिएको छ ।

१. स्थानीय तह भन्नाले: स्थानीय तह भन्नाले सिद्धलेक गाउँपालिका तथा वडा कार्यालयहरुलाई जनाउनेछ ।

२. सेवा प्रदायक कार्यालय भन्नाले: नेपाल सरकार अन्तर्गत स्थानीय तहमा सेवा प्रवाह गरिरहेका स्वास्थ्य संस्था, विद्यालयहरु, विद्यालय श्रोत केन्द्र, प्रहरी कार्यालय, सामाजिक तथा गैरसरकारी सघंसस्थाहरुलाई जनाउनेछ ।

३. बाल क्लव भन्नाले: यस निर्देशिका बमोजिम गठन भई गाउँपालिका तथा वडा कार्यालयहरुमा सुचिकृत भएका १८ बर्ष भन्दा कम उमेरका बालबालिकाहरुको संगठनलाई जनाउनेछ ।

४. बाल सञ्जाल भन्नाले: यस निर्देशिका बमोजिम गाउँपालिका क्षेत्र भित्र गठन भएका बाल क्लवहरुको सञ्जाललाई जनाउनेछ । यस शब्दले वडा तथा गाउँस्तरीय बाल संजालहरु समेत लाई बुझाउनेछ ।

५. विशिष्टीकृत बाल क्लव भन्नाले: विश्वब्यापी प्रचलनमा रहेका नियम तथा नेपाल सरकारका विशिष्टीकृत निकायले विशिष्ट उद्देश्यले निर्माण गरेका क्लवहरु : जुनियर रेडक्रस, राष्ट्रिय रोट्याक्ट क्लब, लियो क्लब, रेयुकाइ समूह जस्ता विशेष क्लवलाई जनाउनेछ ।

६. सहजकर्ता भन्नाले: बाल क्लव तथा संजालको गठन र सञ्चालनका लागि सहजीकरण गर्न निर्देशिका बमोजिम नियुक्त गरिएको व्यक्तिलाई जनाउनेछ ।

७. सहयोगी संस्था भन्नाले: यस गाउँपालिकाको क्षेत्र भित्र रहेका बालक्लव तथा संजालहरुलाई सहयोग गर्ने, बाल अधिकार संरक्षण तथा प्रर्वद्धनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेका अनुमती प्राप्त गैरसरकारी संस्थाहरु वा सामाजिक संस्थाहरुलाई जनाउनेछ ।

८. सामाजिक परिचालक भन्नाले: वडा कार्यालयहरुमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम सञ्चालन गर्न नियुक्त गरिएका सामाजिक परिचालकलाई जनाउनेछ ।

९. संरक्षक शिक्षक भन्नाले: विद्यालय स्तरमा गठन भएका बाल क्लवलाई सहयोग तथा सहजीकरण गर्न तोकिएको शिक्षकलाई जनाउनेछ ।

## ३. निर्देशिकाको उद्देश्य

यस निर्देशिकाको मूलभूत उद्देश्य निम्नानुसार रहेको छ :

१. बालबालिकाको संगठन स्वतन्त्रताको अधिकारलाई ब्यबस्थित र प्रभावकारी कार्यान्वयन गर्ने ।

२. बाल क्लवहरुको गठन, सञ्चालन तथा सहभागितालाई अर्थपूर्ण, नैतिक, सुरक्षित र पारदर्शी तथा समावेशी बनाउने ।

३. बाल मैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनमा टेवा पुऱ्याउने ।

४) बालक्लव लाई एकद्वार प्रणालीमा मार्फत क्रियाशील गरी बाल सहभागिताको सुनिश्चितताको लागि सहयोग गर्ने ।

५) सवै बालक्लवहरुको गठन, क्षमता बिकास र परिचालनमा एक रुपता ल्याउने ।

६) गाउँपालिाका तथा वडाहरुको वार्षिक योजना चक्र (योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याकंन र उपलब्धी मापन) मा सार्थक बालसहभागिता सुनिश्चित गर्ने ।

## ४. निर्देशिकाको कार्यान्वयन

१. तथा वडाहरुमा बाल क्लव तथा संजाल गठन, व्यवस्थापन र सहजीकरणका लागि

यस निर्देशिका बमोजीम गर्नु गराउनु गाउँपालिकाको दायित्व हुनेछ ।

२. बाल सहभागिता तथा बाल क्लव सहजीकरण लागि यस निर्देशिकाको प्रचार प्रसार गर्नु र यस बमोजिम कार्यान्वयन गर्न गराउन गाउँपालिका तथा वडा कार्यालयहरुलाई सहयोग गर्न क्रियाशिल स्थानीय, राष्ट्रिय गैसस, अन्तर्राष्ट्रिय गैसस तथा विकास साझेदारहरुको जिम्मेवारी हुनेछ ।

## परिच्छेद २: बालक्लवको गठन प्रकृया

## ५. बालक्लवका प्रकार

१. बालक्लव भन्नाले : बालबालिकाहरुका लागि बालबालिकाहरु नै मिलेर गठन गरिएको र सामान्यतया कम्तीमा २५ जना बालक बालिका सदस्य रहेको समूहलाई बालक्लव मानिनेछ ।

२. यदि २५ जना भन्दा बढी बालबालिका कुनैपनि बाल क्लवमा आवद्ध भएको अवस्थामा उक्त बालक्लव अर्न्तगत उप समूह गठन गर्नु पर्नेछ ।

३. यसरी गठन भएका बाल क्लवहरु गाउँपालिका तथा वडा कार्यालयमा सूचिकृत र नविकरण गर्नुपर्नेछ ।

४. बाल क्लवको गठन गर्दा ५ वर्ष देखि १८ वर्ष उमेरसमूहका बालबालिकालाई समेट्नु पर्नेछ । तर, विद्यालयमा आधारित बाल क्लबहरु गठन गर्दा उमेर समूह (५ देखि ११ बर्ष उमेर समूह, १२ देखि १५ बर्ष उमेर समूह र १६ देखि १८ बर्ष उमेर समूह) का आधारमा छुट्टा छुट्टै गठन गर्नुपर्नेछ ।

४.१ समुदायमा आधारित बाल क्लवहरु

- कुनै निश्चित भुगोलभित्रका बालबालिकाहरुलाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर गठन भएका बाल क्लवलाई समुदायमा आधारित बाल क्लव भनिनेछ ।
- नेपालको सन्दर्भमा कुनै टोल, बस्ती, वडा भित्र बाल क्लव गठन गर्न सकिन्छ ।
- यस्ता बाल क्लवले सम्बन्धित भुगोल भित्रका सबै उमेर लिंग, जाति, आर्थिक हैसियत तथा शारीरिक अवस्थाका बालबालिकाहरुलाई समेट्ने र उनीहरुको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चित गरिनु पर्नेछ ।
- यसरी बन्ने बाल क्लवमा सम्बन्धित क्षेत्रभित्रका बालबालिका मात्र सदस्य बन्न सक्नेछन्।

**४.२ विद्यालयमा आधारित बालक्लवहरु :**

- कुनै विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाई समेटेर उक्त विद्यालय भित्र बाल अधिकार अनुगमन तथा प्रवर्द्धन गर्न गठन भएका बाल क्लवलाई विद्यालयमा आधारित बालक्लव भनिनेछ ।
- विद्यालयमा आधारित बाल क्लवहरुले सबै जातजाति, कक्षा, लिंग र शारीरिक हैसियतका बालबालिकाहरुको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्नुपर्दछ।
- यसरी बन्ने बाल क्लवमा सदस्य बन्नका लागि सम्बन्धित बालबालिका उक्त विद्यालयमा भर्ना भइ अध्ययनरत हुनुपर्दछ ।

**४.३ विषयगत बालक्लवहरु :**

- विषयगत रुपमा निश्चित विषयहरु जस्तै बालिकाहरुको मात्र सवाल, जलबायु परिवर्तन, बाल श्रम, एच आइ भि एड्स जस्ता विषयहरुमा कार्य गर्न समुदायमा विशिष्ट ढंगले विषयगत बालक्लवहरु गठन गर्न सकिनेछ ।
- समुदायमा लुकेर रहेका वा समुदायमा पर्याप्त रुपमा सम्बोधन हुन नसकेका विशिष्ट विषयहरुमा आधारित रहेर गठन भएका बाल क्लवलाई विषयगत बाल क्लव मानिनेछ
- विद्यालय भित्र यस्ता बालक्लव गठन भएमा उक्त क्लवलाई विद्यालय स्तरीय बाल क्लवकै रुप मानिनेछ ।

**४.४ विशिष्टीकृत बालक्लव :**

- ❖ अन्तराष्ट्रिय रुपमा नै स्थापित स्वयंसेवा अभियान तथा संगठनहरु, नेपाल सरकारका विशिष्टकृत निकायले विशेष प्रकृतिका आफ्नो संस्थागत बाल क्लव गठन गर्न सक्नेछन् । जस्तै जुनीयर रेडक्रस, स्काउट, लियो, रोट्याक्ट, आदि ।
- ❖ यिनीहरुको गठन र व्यवस्थापन विधि स्वयं यसका महासँघ, संरक्षक निकाय तथा स्थापित मान्यता र विधानहरुबाट सञ्चालित हुनेछन् ।

**५. बालक्लव सञ्जाल :**

- ❖ वडा तथा नगर स्तरमा सुचिकृत भएका बालक्लवहरु एक आपसमा भेला भई एक आपसका काम र अभियानहरुलाई साथ सहयोग गर्ने तथा एक आपसका सरोकारहरुलाई सामुहिकीकरण गर्न बालक्लव सञ्जाल गठन गरिनेछ ।
- ❖ यसरी बाल क्लव सञ्जाल गठन गर्दा समुदायमा आधारित, विद्यालयमा आधारित तथा विषयगत बाल क्लवहरु सम्मिलित हुन सक्नेछन् ।

**६. बाल लव गठनका लागि सूचना, भेलाको आयोजना तथा अभिमुखीकरण**

१. समुदायमा आधारित बाल क्लव गठन गर्न चाहने जो कोहिले पनि बाल क्लव गठन गर्ने औचित्य र कारणहरु समेत स्पष्ट पारी न्युनतम पनि ७ (सात) दिन अगावै सम्बन्धित समुदायका बालबालिका तथा अभिभावकहरुलाई खुला ुचना दिनु पर्नेछ ।

२. यसरी दिइने सुचना सरल नेपाली भाषामा र आवश्यकता अनुसार स्थानीय समुदायको अन्य भाषाहरुमा समेत दिनु पर्नेछ ।

३. सुचना उपलब्ध गराउने विधिमा गाउँपालिकाको कार्यालय, वडा कार्यालय, सहकारी तथा बचत क्लवका कार्यालयहरु, उपभोक्ता समितिका कार्यालय भवन, प्रहरी चौकी,

स्वास्थ्य चौकी, विद्यालयहरुमा सुचना टाँस गरी सम्पर्कमा आएका बालबालिकाहरुलाई मौखिक रुपमा भेलाका लागि जानकारी दिन सकिनेछ ।

४. बाल क्लव गठन गर्ने भेलामा न्युनतम पनि २५ जना बालबालिकाहरुको उपस्थिती हुन जरुरी छ ।

५. बाल क्लवको गठन गर्ने भेला बालबालिकाको लागि सहज पहुँच भएको, सबै बालबालिकाको लागि केन्द्र पर्ने र सुरक्षित सार्वजनिक स्थल वा भवनहरुमा आयोजना गर्नुपर्नेछ ।

६. बाल क्लव गठन गर्ने भेलामा निम्न विषयहरुमा अभिमुखीकरण तथा छलफल गरिनु पर्दछ :

बाल अधिकारको अवधारणा, बाल सहभागिताको अधिकार, बाल सहभागितामा नेपालका नीतिगत व्यवस्थाहरु, गाउँपालिका तथा वडाहरुमा बाल क्लव गठन गर्नुको कारण र योजना, बाल क्लवको मुख्य उद्देश्य र कार्यक्रमहरु ।

७. अभिमुखीकरण तथा जानकारीहरु सरल, सभ्य, भेदभाव रहित र बालबालिकाले बुझ्ने भाषामा गर्नु पर्नेछ । यदि बहुसंख्यक सहभागी नेपाली भाषा बुझ्ने खालका छैनन भने स्थानीय भाषामा अभिमुखीकरण र छलफल चलाउनु पर्नेछ ।

८. भेलामा सहभागी सबै वयस्क तथा बालबालिकाहरुको छुट्टाछुट्टै उमेर, जातजाती र लिंग समेत जनाउने गरी उपस्थिती गराउनु पर्नेछ ।

९. विद्यालयमा आधारित बालक्लव गठन गर्दा भने विद्यालय भित्र सबै कक्षामा सूचना प्रदान गरिन ुपर्दछ । भेलाको आयोजना विद्यालय परिसर भित्रै प्रधानाध्यापक, तोकिएको शिक्षक वा व्यवस्थापन समितिका अध्यक्षको उपस्थितीमा गरिन ुपर्नेछ । १०. विषयगत बालक्लव गठन गर्दा स्थानीय समुदायमा वा विद्यालय जहाँ गठन गर्ने हो त्यसै अनुरुप सूचना गर्ने र भेलाको आयोजना गर्नुपर्नेछ ।

## ७. नेतृत्व चयन

१.बालक्लव गठन गर्न नियम ६ बमोजिमको भेलामा सहभागी बालबालिकाहरुको सहमती भएमा बालक्लवको नेतृत्व चयन गरिनुपर्नेछ ।

२. बालक्लवको नेतृत्व तल उल्लेखित मध्ये कुनै एक विधिबाट चयन गर्न सकिनेछ । कुन विधिबाट चयन गर्ने भन्ने निर्णय स्वयं उपस्थित बालबालिकाहरु माफ्र छलफल गरी तय गरिनुपर्नेछ :

क) बहुपदीय नेतृत्व : बालक्लवमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सह सचिव, कोषाध्यक्ष तथा विषयगत संयोजकहरु तय भएको नेतृत्व ।

ख) चक्रिय नेतृत्व : बालक्लवमा निश्चित संख्यामा कार्यसमिति सदस्य बन्ने । कार्यसमितिबाट एक अध्यक्ष र सचिव तोक्ने । अर्को बैठकमा अहिलेको सचिव अध्यक्ष हुने र कार्यसमितिको कुनै सदस्य सचिव बन्ने । यही प्रकृया आगामी बैठकहरुमा दोहोरिंदै जाने ।

३. बालक्लवको कार्यसमिति संख्या ९ देखि ११ सदस्यीय सम्म बनाउन सकिनेछ ।

४. बालक्लवले आवश्यकता अनुसार उपसमितिहरु गठन गरी कार्यक्रमहरु गर्न सक्दछन् । उपसिमितिमा ३ देखि १५ जना सम्म सदस्य बन्न सक्नेछन् ।

५. बालक्लवको नेतृत्वमा उपलब्ध भएसम्म ५० प्रतिशत बालिका, ३० प्रतिशत दलित/जनजाति र ५ प्रतिशत अपांगता भएका बालबालिका हरुको सिट सुनिश्चित गर्नुपर्नेछ ।

६. एउटा बालक वा बालिका दुई वा सो भन्दा बढी बाल क्लवको नेतृत्वमा बस्न पाइने छैन । तर कुनै बाल क्लवको नेतृत्वमा रहेको सदस्य सञ्जालको नेतृत्वमा भने चयन हुन पाउनेछ ।

७. समुदायमा आधारित बालक्लव र विद्यालयमा आधारित बालक्लवको नेतृत्व गर्ने अवधि अधिकतम २ वर्ष हुनुपर्नेछ ।

८. एउटा बालक वा बालिका कुनैपनि बाल क्लवको एउटै पदमा एक कार्यकाल भन्दा बढी समय बस्न पाईनेछैन । तर सदस्यमा रहन बाधा पर्नेछैन ।

९. बालक्लवका सदस्यहरु बिचमा नेतृत्व चयनका सन्दर्भमा विवादहरु आएमा निम्न अभ्यासहरु गर्नुपर्नेछ :

- ➢ नेतृत्व गर्न चाहने सदस्यले आफुले बाल क्लवलाई कसरी सकृय र बलियो बनाउने भन्ने विषयमा अर्को सदस्य प्रति नकारात्मक धारणा ब्यक्त नगरी छोटो प्रस्तुती गर्न लगाउने र त्यसैका आधारमा नेतृत्वका चयन गर्न सहजीकरण गर्ने ।
- ➢ नेतृत्व गर्न चाहने सदस्यहरु बिच मात्र छलफल गराई सहमती गराउने । ‌ नेतृत्वलाई चक्रिय नेतृत्व प्रणालीमा परिवर्तन गर्ने ।
- ➢ नेतृत्व गर्न चाहनेहरु बिच विभिन्न उप समिति बनाई उक्त समितिको जिम्मेवारी प्रदान गर्ने ।
- ➢ माथी उल्लेखित तरिकाबाट विवाद समाधान नभएमा नेतृत्वका लागि सदस्यहरु माफ गोप्य मतदान गराउने र प्राप्त मतका आधारमा नेतृत्व चयन गर्न मद्धत गर्ने ।

## ८.बाल सञ्जालहरुको गठन

१. बालबालिकाहरुको साझा समस्या तथा सवालहरु अझै संगठित रुपमा उठाउन, बालक्लवहरु बीच आपसी सहयोग, समन्वय र सहकार्य बढाउन र फरक फरक सिकाईहरुलाई आदानप्रदान गर्न र बालबालिकाहरुको सर्वोत्तम हित र विकासका लागि थप अवसरहरुको सृजना तथा खोजी गर्नका लागि बाल क्लवहरुको संजाल गठन गरिनेछ ।

२. बालक्लव सञ्जाल वडा र गाउँपालिका स्तरमा गठन गरिनेछ ।

३. बालक्लव सञ्जाल गठन गर्नका लागि (वडा र गाउँ) तहमा बाल क्लवहरुको प्रतिनिधिहरुको भेला आयोजना गरिनेछ ।

४. यसरी भेला आयोजना गर्दा भेला आयोजनाको लागि तोकिएको दिन भन्दा कम्तीमा पनि १० (दश) दिन अगावै सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) सबै बाल क्लवहरुलाई सूचना प्रदान गर्नुपर्छ । उक्त सुचनामा निम्नलिखित जानकारीहरु स्पष्ट सँग अनिवार्य उल्लेख गर्नुपर्छ :

- ❖ भेलाको लागि तोकिएको मिति, दिन, समय र स्थान
- ❖ सम्बन्धित बाल क्लवबाट उक्त भेलाका प्रतिनिधित्व गर्नुपर्ने बालक र बालिकाको संख्या

❖ उक्त भेलामा छलफल गरिने विषयवस्तु वा एजेण्डा

❖ उक्त भेलामा सहभागी हुन आउने सहभागी बालबालिकालाई उपलब्ध गराईने र उपलब्ध नगराइने सुविधाहरु

५. बाल क्लवका प्रतिनिधिहरुले भेलामा सहभागी हुनका लागि निम्न कुराहरु अनिवार्य हुनेछ :

➢ सम्बन्धित बाल क्लवले प्रतिनिधि छनोट गरी पठाइएको निर्णय उल्लेख गरिएको पत्र

➢ समुदायमा आधारित बाल क्लवको हकमा, उक्त भेलामा सहभागी हुन जानका लागि सम्बन्धित बालक वा बालिकाको अभिभावकको लिखित सहमति पत्र

➢ विद्यालययमा आधारित बाल समूको हकमा उक्त भेलामा सहभागी हुन जानका लागि सम्बन्धित बालक वा बालिकाको अभिभावक तथा विद्यालय प्रधानाध्यापकको लिखित सहमति पत्र

६. वडा तथा गाउँपालिका स्तरीय बालभेलाका लागि सहभागीको छनौट :

**क) वडाभेला :**

➢ वडा अर्न्तगत प्रत्येक टोल, बस्ती र समुदाय स्तरमा गठन भएका बालक्लव सदस्यहरुको भेलाले आफु मध्येवाट छनौट गरीपठाएका ३ जना (बालक १, बालिका १ र अपांगता भएका वा लोपोन्मुख जातजाति मध्येबाट १ जना )

➢ वडा अर्न्तगत पर्ने बिद्यालयहरुमा गठित बालक्लवहरुको भेलाले छनौट गरी पठाएका १ जना बालक र १ जना बालिका

**ख) गाउँ स्तरीय बालभेला :**

गाउँपालिका अर्न्तगतका वडास्तरीय बाल संजालहरुले आफ्ना सदस्य मध्येवाट छनौट गरी पठाएका ३ देखी ५ जना (२ बालक, २ बालिका र अपांग वा लोपोन्मुख जातजाति मध्येबाट १ जना ) सम्मको बाल प्रतिनिधिहरु ।

७. सञ्जालको नेतृत्व चयन पनि भेलाको सहमतिको आधारमा नियम ८ मा व्यवस्था भए बमोजिमको गरिनु पर्दछ ।

८. प्रत्येक बाल सञ्जालको नेतृत्वको पूनर्गठन प्रत्येक १ बर्षमा गर्नुपर्दछ ।

**९. नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन**

१.बालक्लव तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिकाहरु माझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्नका लागि सकेसम्म गोप्य मतदान सहितको निर्वाचन हुने अवस्था आउन दिनुहुँदैन ।

२.समक्षमताका प्रतिस्पर्धीहरुलाई सहमती गराई एकले अर्कोको नेतृत्व स्विकार्न सक्ने वातावरण बनाउनका लागि पहिलो कोशिस गर्नु पर्नेछ ।

३. प्रतिस्पर्धी बालबालिकाहरुलाई चक्रिय नेतृत्व, संयोजन क्लव वा उपसमितिहरुको गठनबाट पनि विभिन्न जिम्मेवारीहरु प्रदान गरी उनीहरुको भुमिका र सक्रियतालाई प्रोत्साहन गर्नु पर्नेछ ।

४.बालबालिकाहरु माझ नेतृत्वका लागि हुने स्वच्छ प्रतिस्पर्धामा वयस्कहरुको प्रभाव र दबाब बाट मुक्त राखिनु पर्नेछ ।

**१०. बालक्लव तथा संजालहरुको आवद्दता तथा सूचिकरण**

१.समुदाय तथा विद्यालयमा गठन भएका बाल क्लवहरु तथा बाल संजालहरु गठन भएको मितिले १ महिनाभित्र वडा कार्यालय अथवा गाउँपालिकामा सूचिकृत हुनुपर्दछ ।

२.विद्यालयमा स्तरमा गठन भएका बालक्लवको आवद्धता सम्बन्धित विद्यालयसँग र समुदाय, टोल वा बस्तिहरुमा गठन भएका बाल क्लवको आवद्धता र सूचिकरण सम्बन्धित वडा कार्यालय, र गाउँपालिकाको कार्यालयसँग रहनेछ ।

३. वडा स्तर र नगर स्तरमा गठन भएका बालक्लव तथा बाल संजालहरुको आवद्धता र सूचिकरण सम्बन्धित वडा कार्यालय र गाउँपालिकाको कार्यालयसँग रहनेछ ।

४.कुनैपनि बालक्लव तथा संजाल सूचिकरण हुँदा त्यसको नाम, उद्देश्य, कार्यसमितिको नाम, सहजकर्ताको नाम र सम्पर्क स्थान र फोन नम्बर, आवद्धता रहेको र्कायालय समेत खुलाइएको हुनु पर्दछ ।

५.सूचिकृत बालक्लवहरु तथा बाल संजालहरु प्रत्येक बर्ष नविकरण हुनुपर्दछ । यसरी नविकरण गराउंदा नविकरणको लागि निवेदन, सम्बन्धित बाल क्लव तथा संजालको बार्षिक भेलाको उपस्थिती र पुर्नगठीत वा विद्यमान कार्यसमितिको नामावली, सहजकर्ताको नाम र सम्पर्क फोन नम्बर र बालक्लव तथा बालसंजालले अघिल्लो बर्ष सम्पन्न गरेका कार्यक्रमहरुको सूची सहित प्रगति प्रतिवेदनको प्रतिलिपि संलग्न गर्नु पर्दछ ।

६.विद्यालयमा आधारित बालक्लव नवीकरण गर्दा सम्बन्धित विद्यालयको सिफारिश पत्र समेत संलग्न गर्न पर्दछ ।

७.बालक्लव तथा बालसंजालको नाम राख्ने सम्बन्धमा बालबालिकाहरुको भेलामा सहभागीहरुले आपसी सहमति गरेर नाम राख्नेछन । कुनै एक बालक्लव र बाल

संजालको नाम त्यहि वडा र गाउँपालिका भित्र रहेको अर्को बालक्लव वा बाल संजालको नामसँग मिलेको अवस्थामा अर्को नाम राख्नु पर्नेछ ।

८.बालक्लवहरु र बाल संजालहरुको नामसँग कुनै पनि निजि, सामाजिक वा गैरसरकारी संस्थाहरुले आफ्नो नाम जोड्न पाइनेछैन । तर ती बाल क्लवहरु तथा संजालहरुको क्षमता अभिवृद्धि, तिनिहरुले उठाएका मुद्दाहरुको लागि वकालत जस्ता कामहरु गर्नलाई आवश्यक सहयोग तथा सहजीकरण गर्न सक्नेछन् ।

९.सम्बन्धित वडा तथा गाउँपालिकाको योजना प्रक्रियाहरुमा वा निति निर्माण प्रक्रियामा त्यस्ता बाल क्लव तथा बाल संजालहरुले आफ्नो क्षेत्रभित्रका सबै बालबालिकाहरुको प्रतिनिधित्व गरेको सुनिश्चित गर्नु पर्नेछ ।

१०.बाल क्लव तथा बाल संजालको सूचिकरण तथा नविकरणका लागि सहजकर्ता संस्था वा कार्यालयको तोकिएको व्यक्ति अनिवार्य उपस्थित भई प्रमाणित र सहमति गर्नु पर्नेछ ।

११.सूचिकृत तथा नविकरण भएका बालक्लव र बाल संजालहरुको सम्पूर्ण विवरण सम्वन्धित वडा तथा गाउँपालिकाले प्रकाशन गर्ने बालबालबालिकाको स्थिति प्रतिवेदनमा समावेश गरी प्रकाशन गर्नु पर्नेछ ।

**परिच्छेद ३**

**:**

**११. सहजकर्ता सम्बन्धी व्यवस्थाः**

सहजकर्ता संस्था, कार्यालय र व्यक्तिहरु

१.बालक्लव तथा बाल संजालको गठन तथा सञ्चालन वयस्क सहजकर्ता वा सहजकर्ता संस्थाको अनुपस्थितीमा मान्य हुनेछैन ।

२.प्रत्येक बाल क्लव तथा बाल संजाल सहजीकरण गर्न एक वयस्क सहजकर्ता वा सहजकर्ता संस्था हुन जरुरी हुन्छ ।

३.सहजकर्ताले बालक्लव तथा बाल संजालको बैठक, योजना निर्माण, कार्यान्वयन तथा विषयगत छलफललाई सहजीकरण गर्ने, उनीहरुलाई सही र उपयुक्त उपायहरु सुझाउने, आवश्यक श्रोत साधन जुटाउन तथा उपलब्ध श्रोत साधन सम्म उनीहरुको पहुँच पुऱ्उन सहयोग गर्नु पर्नेछ ।

४.बालक्लव तथा बाल संजालका गतिविधि र त्यसबाट उत्पन्न परिणाम प्रति वयस्क सहजकर्ता, सहजकर्ता संस्था वा सम्बन्धित कार्यालयको पनि नैतिक जिम्मेवारी रहनेछ ।

५.बालक्लव तथा बालक्लव सहजकर्ताको छनौट प्रकृयामा बाल क्लवको सहभागिता र सहमति अनिवार्य रहनेछ ।

## १२. वयस्क सहजकर्ताको चयन

१.प्रत्येक बालक्लव तथा बालसंजाल सहजीकरणको लागि एक वयस्क सहजकर्ता अनिवार्य हुनुपर्नेछ ।

२.बालअधिकार संरक्षण तथा प्रर्वद्धन गर्न सहयोग गर्ने स्थानीय संस्था वा वडा कार्यालय तथा गाउँपालिकाले वयस्क सहजकर्ता नियुक्त गर्नेछ ।

३.वयस्क सहजकर्ताले बालक्लव तथा बालसंजाल सहजीकरण गरेबापत उनीहरुबाट कुनै पनि नगदी वा जिन्सी फाईदा वा पारिश्रमिक लिन हुदैन । तर सहयोगी संस्था वा वडा कार्यालय वा गाउँपालिकाले निश्चित पारिश्रमिक वा प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ ।

४.वयस्क सहजकर्ताको शैक्षिक योग्यता न्युनतम १२ कक्षा उत्तीर्ण हुनेछ भने १९ देखि ४० बर्ष उमेर क्लवको व्यक्ति हुनेछ ।

५.विद्यालयमा आधारित बालक्लवको सहजकर्ता शिक्षकहरु मध्येबाट र समुदायमा आधारित बालक्लव , वडा तथा नगर स्तरीय बालसंजालको सहजकर्ता बाल संरक्षण समिति वा बाल मैत्री स्थानीय शासन समन्वय समितिका सदस्य वा संस्थाको तर्फबाट तोक्न सकिनेछ ।

६.सहयोगी संस्था वा विद्यालयले नियुक्त गरेको अवस्थामा बाहेक वयस्क सहजकर्ता सम्बन्धित वडा तथा गाउँक्षेत्र भित्रको व्यक्ति हुनुपर्नेछ ।

७.निम्न योग्यता भएको व्यक्तिलाई बाल क्लव तथा बाल संजालको सहजकर्ता हुनका लागि प्राथमिकता हुनेछ :

- बाल क्लवका पुर्व सदस्य भएकालाई प्राथमिकता दिइनु पर्नेछ ।
- बालअधिकारबारे जानकार, सचेत, संवेदनशील तथा तालिम प्राप्त ।
- बाल मैत्री व्यवहारबारे सचेत र अभ्यस्त ।

❖बालबालिका प्रति सकारात्मक धारणा भएको र बालबालिका विरुद्ध कुनै पनि हिंसा नगर्न प्रतिबद्ध ।

❖कुनै पनि राजनीतिक दल वा राजनीतिक संगठनको सकृय जिम्मेवारीमा नरहेको ।

❖फौजदारी अपराधमा संलग्न नभएको ।

❖सम्बन्धित वडा तथा गाउँपालिकामै बसोबास भएको ।

❖मदिरा, सुर्ती, चुरोट, लागु औषधको अम्मली नभएको व्यक्ति ।

## १३.वयस्क सहजकर्ताको भुमिका र सीमितता

१. स्थानीय वयस्क सहजकर्ता बाल अधिकारको संरक्षण तथा प्रबर्द्धन का लागि प्रतिवद्ध, स्वयंसेवी भावनाको र माथी १३ (७) मा उल्लेख गरिएको योग्यता भएको व्यक्ति हुनुपर्दछ ।

२. जिम्मेवारी प्राप्त वा छनोट भएका वयस्क सहजकर्ताले भूमिका निर्वाह गुर्नपर्दछ

• बालक्लव तथा बाल संजालको बैठक संचालन, उनीहरुको आफ्नै व्यक्तित्व विकास, सहभागिता र सर्वोत्तम हितका लागि कार्ययोजना वा कृयाकलापहरुको योजना निर्माण र त्यसको कार्यान्वयका लागि सहजीकरण गर्ने ।

• बालक्लव तथा बाल संजालहरु र स्थानीय सरकार तथा सम्बन्धित कार्यालय, संस्थाहरु बिच सम्पर्क, सम्बन्ध र समन्वय बढाउन सहजीकरण गर्ने ।

• बालक्लव तथा बाल संजालले नेतृत्व गरेका कृयाकलाप वा कार्यक्रमहरुको लागि आवश्यक श्रोतसाधन जुटाउन सहयोग तथा सहजीकरण गर्ने ।

• बालक्लव तथा बाल संजालहरुले उठाएका बालबालिका सम्बन्धी सवाल तथा समस्याहरु सम्बन्धित सरोकारवालाहरुलाई समय मै जानकारी गराउन सहयोग गर्ने ।

• बालक्लव तथा बाल संजालसँग उपलब्ध श्रोत साधनको उपयुक्त र उच्चतम प्रयोग भए नभएको अनुगमन गर्ने र त्यसको लागि सहजीकरण गर्ने ।

• बालक्लव तथा बाल संजालका सदस्यहरु माफ विवाद वा समस्या आएको अवस्थामा त्यसको सहि समाधानको लागि सहजीकरण गर्ने ।

• बालक्लव तथा बाल संजाललाई बाल अधिकार र बालबालिकाहरुको कर्तब्य सम्बन्धी सूचनामुलक सामाग्रीहरु खोजी गर्न तथा उपलब्ध गराउन पहल गर्ने ।

• आवश्यक्ता अनुसार बालअधिकार तथा बाल क्लव, बाल संजाल सहजीकरण सम्बन्धी तालिम, गोष्ठी, अन्तरक्रिया, बैठकहरुमा सहभागी हुने ।

• बालक्लव वा बाल संजालका कुनैपनि सदस्य आफ्नो घरपरिवार र समुदाय बाहिर अन्य कुनै कार्यक्रममा सहभागी हुन परेमा सम्बन्धित अभिभावक र विद्यालयको सहमति पत्र लिन सहजीकरण गर्ने र आवश्यकता अनुसार वयस्क संरक्षकको भुमिका निभाउने ।

३.वयस्क सहजकर्ताले बालक्लवको सहजीकरण गर्दा निम्न कार्यहरु गर्न हुँदैन :

• बालक्लव तथा बाल संजालको बैठक तथा छलफल आफैले सञ्चालन गर्ने ।

• बालक्लव तथा बाल संजालको योजना बनाउने, निर्णयहरु गर्ने र आफ्नो इच्छानुसार निर्णयमा सहमत गराउने ।

• बालक्लव तथा बाल संजालको बैठक वा छलफल प्रक्रियामा आफ्नो विचार र धारणा लाद्ने ।

• बालक्लव तथा बाल संजालको तर्फबाट निर्णायक प्रक्रिया, तह तथा संयन्त्रहरुमा प्रतिनिधित्व गर्ने ।

•बालक्लव तथा बाल संजालका सदस्यहरु माथि कुनैपनि प्रकारको दुर्व्यवहार, हिंसा र शोषण गर्ने ।

•बालक्लव तथा बाल संजालका सदस्यहरु बीच कुनैपनि कुराको आधारमा भेदभाव गर्ने ।

• बालक्लव तथा बाल संजालसँग रहेको कुनैपनि प्रकारको साधन श्रोत जथाभावी प्रयोग गर्ने वा व्यक्तिगत प्रयोजनका लागि प्रयोग गर्ने ।

• कुनै एक जातजाति, धर्म, संस्कृति, राजनीतिक दलहरुका गतिविधि र अपराधिक गतिविधिमा बाल क्लव तथा बाल संजालका सदस्यहरुलाई संलग्न गराउने वा संलग्न हुन उस्काउने ।

• जोखिमपुर्ण कृयाकलापहरुमा सहभागी गराउने वा सहभागी हुन उस्काउने।

• बालबालिकाहरुको संरक्षण तथा उचित सुरक्षाको सुनिश्चितता नगरी उनीहरुको घरपरिवार वा समुदायबाट बाहिर पठाउने वा कार्यक्रमहरुमा संलग्न गराउने ।

४.सहजकर्तालेे नियम १४ (३) मा उल्लेख भए अनुसारको व्यवहार तथा गतिविधि गरेको भन्ने शंका लाग्ने जो कोहीले पनि आवश्यक प्रमाण सहित सम्बन्धित विद्यालय, वडा, गाउँपालिका वा सहयोगी संस्था उजुरी दिन सक्नेछन ।

५.सहजकर्ता विरुद्ध परेको उजुरी र गुनासोको छानविन गर्दा दोषी भएको पाइएमा नियुक्त गर्ने संस्थाले सम्बन्धित सहजकर्तालाई नसिहत दिने, आगामि निश्चित अवधीसम्मका लागि सहजकर्ता बन्न नसक्ने गरी पदबाट हटाउने र घटनाको प्रकृति हेरी आवश्यक कार्बाहीका लागि प्रक्रिया अघि बढाउनेछ ।

६.तर, उजुरीको छानविन प्रक्रियामा सम्बन्धित सहजकर्तालाई एकपटक आफ्नो कुराहरु राख्ने अवसर दिइनेछ ।

## परिच्छेद ४ :

### बालक्लवको बैठक तथा कार्यक्रम सम्बन्धी व्यवस्था

### १४. नियमित बैठक तथा छलफलका विषयहरु

१. बालक्लव तथा बाल संजालको नियमित बैठक विद्यालय विदा वा बन्दको दिन र दिउसोको समयमा र सबै सदस्यहरुलाई पायक पर्ने सुरक्षित स्थानमा मात्र संचालन गर्नु पर्नेछ ।

२. बालक्लव तथा बाल संजालको बैठकमा सम्बन्धित वयस्क सहजकर्ताको उपस्थिती अनिवार्य हुनु पर्नेछ ।

३. बालक्लव तथा बाल संजालको बैठक बस्ने समयावधि बढिमा २ (दुई) घण्टा सम्म हुनु पर्नेछ ।

४. बालक्लव तथा बाल संजालको बैठक बसेको बेला बैठक पुस्तिका (माइन्युट) उतार गर्नु पर्नेछ ।

५. बालक्लव तथा बाल संजालको नियमित बैठकमा उनीहरुका आफ्नै कार्ययोजना, कृयाकलाप, समस्या तथा सिकाईहरुमा छलफल हुनु पर्नेछ ।

## १५. कार्यक्रम योजना निर्माण

१. बालक्लव तथा बाल संजालको बैठक तथा बार्षिक भेलाले मात्र वार्षिक योजना तय गर्नुपर्नेछ । यसरी योजना तय गर्दा बालबालिकाहरु आफ्नै लागि र आफूले आवश्यक ठानेका र गर्न सकिने कृयाकलाप मात्र योजनामा राख्नु पर्नेछ ।

२. बालक्लव तथा बाल संजालको कृयाकलाप वा कार्यक्रमको योजना निर्माण गर्दा विद्यालयको शैक्षिक क्यालेन्डरसँग नजुध्ने गरी बनाउन ुपर्नेछ ।

३. बालक्लवको कार्यक्रम मूलत निम्न विषयमा केन्द्रीत हुनुपर्दछ :

३.१:बाल अधिकारको प्रचार प्रसार : विभिन्न कृयाकलापहरु मार्फत बाल क्लव तथा बाल संजालहरुले स्थानीय स्तरमा बालबालिकाको हक अधिकार र कर्तब्य सम्बन्धी प्रचारप्रसार गर्ने । जस्तै :हाजीरीजवाफ, गीत, कविता, खेल, कथा, वक्तृत्वकला, चित्रकला, भित्ते पत्रिका, सडक नाटक, रेडीयो कार्यक्रम, पत्र लेखन जस्ता कृयाकलापहरु ।

**३.२:** बाल अधिकार अनुगमन : बालक्लव तथा बाल संजालहरुले आफ्नो क्षेत्र भित्रका बालबालिकाहरुको अवस्था, बालअधिकारको अवस्था कस्तो छ भनेर अनुगमन गर्न सक्छन । वडा कार्यालय, गाउँपालिकाको कार्यालय, विद्यालय, विभिन्न अरु कार्यालय तथा संस्थाहरुको कार्यालयमा गुनासो पेटिका राखेर, बालक्लव छलफल गरेर, आफ्नो विद्यालय तथा समुदायको भ्रमण गरेर, अभिभावकहरुसँग अन्तरक्रिया गरेर यसको अवस्था थाहा पाउने, र थाहा पाएको कुराहरु विद्यालय व्यवस्थापन समिति, वडा कार्यालय, गाउँपालिकाको कार्यालय, बालसंरक्षण समिति, बाल मैत्री स्थानीय शासन समिति वा सहयोगी संस्थाहरुलाई तत्काल जानकारी गराउने ।

**३.३** जोखिममा परेका बालबालिकाहरुलाई आवश्यक थप सेवाका लागि सम्प्रेषण गर्ने : बाल क्लव तथा बाल संजालहरुले आफ्नो वडा, समुदाय तथा विद्यालयमा यदि कुनै बालक वा बालिका जोखिममा रहेका छन र तिनीहरुलाई थप सेवा, सहयोग र मद्धत चाहिएको अवस्था छ भने वडा बालसंरक्षण समिति वा गाउँ बालसंरक्षण समितिलाई जानकारी गराउने र सम्बन्धित सेवा प्रदायक संस्था वा कार्यालयमा सम्प्रेषण गर्न मद्धत गर्ने ।

**३.४** बालबालिका स्वयम्को व्यक्तित्व विकास सम्बन्धित कार्यक्रमहरु : बालक्लवहरु तथा बाल संजालहरुले आफ्ना सदस्यहरुको लागि गुणस्तरीय पढाई, लेखाई, सकारात्मक

आनीबानी, व्यक्तिगत सरसफाई जस्ता कुराहरुमा मद्धत गर्ने खालका कृयाकलापहरु संचालन गर्ने ।

३.५ सामुदायिक सेवा सम्बन्धी कृयाकलापहरुमा संलग्नता र सहभागिता : कुनैपनि बाल क्लव तथा बाल संजालका १४ वर्ष उमेर पुरा भईसकेका सदस्यहरुले कसैको करकाप विना समुदायको हितका लागि सेवा गर्न सक्छन् । तर यस्तो सेवामूलक कृयाकलापहरु बालबालिकाहरुको हित विपरित, उल्टै बालबालिकाहरुलाई जोखिममा धकेल्ने, उनीहरुको नैतिक तथा भौतिक क्षति हुने खालको छैनन् भन्ने कुराको सुनिश्चितता हुनुपर्दछ । प्रचलित कानूनले बर्जित गरेका, निकृष्ट वा जोखिमयुक्त कृयाकलापहरुमा बालबालिकाले सहयोग तथा सेवा गर्न सक्ने छैनन् ।

३.६ बालबालिकाका सवाल तथा समस्याहरु सम्बन्धित सरोकारवालाहरु समक्ष राख्ने : बालक्लव तथा बाल संजालहरुले सामुहिक रुपमा वा आफ्ना प्रतिनधि मार्फत बालबालिकासँग सम्बन्धित स्थानीय सवालहरु वा समस्याहरु वयस्यहरु, अभिभावक, स्थानीय सरकार र सम्बन्धित सरोकारवालाहरु समक्ष राख्ने र ति सवाल तथा समस्याहरुलाई सम्बोधन गर्ने ऐन कानुन, योजना, नीति तथा कार्यक्रम बनाउनका लागि प्रभाव पार्ने किसिमका कृयाकलापहरु गर्ने । जस्तैः बाल भेला, अन्तरक्रिया तथा छलफल, बाल सुनुवाइ, सरोकारवालाहरु भेटघाट, विज्ञप्ति निकाल्ने जस्ता कृयालापहरु आयोजना गर्न र वयस्कहरुले आयोजना गरेका यस्ता कार्यक्रमहरुमा प्रतिनिधित्व गर्दै आफ्नो कुराहरु राख्न सक्छन् ।

**१६. बाल क्लवले सञ्चालन गर्ने कार्यक्रमहरुको सिमितताः**

तल उल्लेखित ढंगले बाल क्लबहरुले कार्यक्रम संचालन गर्न हुँदैन ।

१.कुनैपनि राजनीतिक दल वा त्यसको भातृ संगठनको प्रत्यक्ष पक्षपोषण गर्ने ।

२.सार्वजनिक वा कसैको व्यक्तिगत सम्पत्ती माथि, कुनैपनि व्यक्तिको जीउ ज्यान माथी क्षति पुग्ने ।

३.कुनैपनि जातजाति, पेशा व्यवसाय र समुदाय प्रति गलत विचार, भावना, सूचना र दृष्टिकोण सम्प्रेषण गर्ने ।

४.यौन हिंसा, दुर्व्यवहार तथा शोषण प्रभावित तथा यसको जोखिममा रहेका बालबालिकाको बारेमा पहिचान खुल्ने सुचना तथा जानकारीहरु सार्वजनिक गर्ने र गोपनियता भंग गर्ने गतिविधिहरु ।

५.रातको समयमा आफ्नो भन्दा परिवार बाहिर गएर गरिने कृयाकलापहरु, परिवार, विद्यालय वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरु । तर, बालबालिकाहरुको लागि उचित सुरक्षाको सुनिश्चितता गरिएको छ भने त्यस्तो अवस्थामा भने समुदाय वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिन्छ र सम्बन्धित अभिभावकहरुको सहमतिमा त्यस्ता कार्यक्रम वा गतिविधिहरुमा बालबालिकाहरुले प्रतिनिधित्व गर्न सक्छन् ।

६.उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमती बेगर कसैको पनि जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरु खेलाउन वा अन्य यस्ता जोखिमयुक्त कृयाकलाप संचालन गर्न ।

७.बालक्लव वा बाल संजालको आफ्नै कोष निर्माण गर्न वा आय आर्जनका लागि बालश्रम लगायत कुनै पनि ब्यापार, व्यवशायहरु ।

८.वयस्कहरुको संस्था वा क्लव वा कुनैपनि सामाजिक संघ सस्थाले जस्तो सिंगो परियोजना सञ्चालन गर्ने वा तिनिहरुका परियोजना अर्न्तगतका कामहरु जो वयस्कहरुले गर्नुपर्छ त्यस्ता कृयाकलाप वा गतिविधि गर्न ।

९.सामाजिक शान्ति सुरक्षामा नकारात्मक असर पर्ने देखिएको अवस्थामा बाल अधिकारकर्मी, स्थानीय बाल संरक्षण समिति तथा बालमैत्री सुशासन समन्वय समितिको परामर्शमा स्थानीय सरकारले, सम्बन्धित संस्था वा कार्यालयले वा विद्यालयले निश्चित गतिविधीलाई रोक लगाउन सक्नेछ ।

## परिच्छेद ५ : बालक्लवको सदस्यता सम्बन्धी व्यवस्था

### १७.सदस्यता वितरण र व्यवस्थापन

१ बालक्लवले स्वतन्त्र रुपमा आफ्नो सदस्यता वितरण गर्न सक्छ । विद्यालयमा आधारित बालक्लवको सदस्य हुन सोही विद्यालयमा अध्ययनरत विद्यार्थी र समुदायमा आधारित बाल क्लवको सदस्य हुन सोही समुदायमा बसोबास गर्ने बालबालिका हुनुपर्दछ ।

२.कुनैपनि बालक वा बालिका बालक्लवको सदस्य बन्न चाहेको खण्डमा सामान्यतया बालक्लवले सदस्यता दिनुपर्दछ । तर बालक्लवको सदस्य बन्न कुनैपनि बालक वा बालिकालाई दबाब दिन पाइने छैन ।

३.सदस्य नभएकै कारण बालक्लवले आयोजना गर्ने खुला र सार्वजनिक कार्यक्रममा कुनैपनि बालबालिकालाई सहभागी नगराउन पाइने छैन ।

४. बाल क्लव सदस्यहरुको अभिलेख सम्बन्धित बाल क्लवले आफ्नै रजिष्टरमा राख्न सक्नेछ । यसरी अभिलेख राख्दा निम्न कुराहरु उल्लेख हुनुपर्दछ : नाम थर, ठेगाना, उमेर, लिंग, (विद्यालयमा भए कक्षा), अविभावकको नाम, सम्पर्क फोन नम्बर, फोटो (उपलब्ध भए सम्म) ।

५. श्रोत साधन उपलब्ध भएसम्म बाल क्लवले आफ्ना सदस्यहरुलाई सदस्यतापत्र पनि वितरण गर्न सक्नेछ ।

## १८. प्रतिनिधत्व र सहभागिताको समान अवसरको व्यवस्थापन

१.बालक्लव तथा बाल संजालमा आवद्ध सबै सदस्यहरुले आफ्नो व्यक्तित्व विकास गर्ने र प्रतिनिधित्व गर्ने अवसर समान ढंगले प्राप्त गर्नेछन भन्ने कुरा सुनिश्चित गर्न ती क्लव तथा संजालले विभिन्न अवसरहरुको बाँडफाड र पालैपालो प्रतिनिधित्व गर्ने नियम बनाउन सक्नेछन । यसका लागि वयस्क सहजकर्ताले मद्दत गर्नुपर्नेछ ।

२.बालक्लव तथा बाल संजाल अन्तर्गत विषयगत उप क्लवहरु बनाएर सोही अनुसार प्रतिनिधित्वको अवसर तथा व्यक्तित्व विकास सँग सम्बन्धित अन्य अवसरहरु दिनुपर्नेछ ।

३.आयोजक संस्था वा कार्यालयले तोकेको अवस्थामा बाहेक सकेसम्म पालैपालो सबै सदस्यहरुलाई प्रतिनिधित्व वा सहभागिताको अवसर दिनुपर्नेछ ।

४.बालक्लव वा बाल संजालको प्रतिनिधित्व गर्ने सदस्यले र कुनैपनि अन्तरक्रिया, छलफल, बैठक वा कार्यक्रममा जानु अघि आफ्नो क्लवका सदस्य र सहजकर्तासँग छलफल र परामर्श गरी आफुले उठाउनुपर्ने सवाल वा छलफलको विषय निर्धाण गर्नुपर्नेछ ।

५.बालक्लव वा बाल संजालका सदस्य कुनैपनि कार्यक्रम सहभागी भईसकेपछि आफ्नो क्लव तथा संजालका सदस्यहरु र सहजकर्ताको बैठक राखी आफु सहभागी भएको कार्यक्रममा भए गरेका सबै छलफल, निचोड र सिकाईका बारेमा जानकारी दिनुपर्नेछ ।

सकेसम्म एक पाना प्रतिवेदन लेखेर बाल क्लव वा संजालको फाइल वा माइन्युटसँगै राख्नुपर्नेछ ।

**१९. सदस्यहरु बीचको विवादको समाधान सामान्यतया बाल क्लव तथा संजालमा उत्पन्न हुने विवादहरुलाई निम्न ढंगले समाधान गर्न सकिनेछ :**

१.बालक्लव तथा संजालको योजना निर्माण तथा कार्यान्वयन लगायतका छलफलमा सबै सदस्यहरुलाई स्वतन्त्र र छोटो रुपमा आफ्नो बिचार राख्न लगाउने ।

२.बालक्लव तथा संजालको बैठक बस्ने, छलफल गर्ने तथा नेतृत्व चुन्ने प्रकृयाका बारेमा आचारसंहिता निर्माण गर्नुपर्दछ । नमुना आचारसंहिता अनुसुची ६ मा दिइएको छ ।

३.कार्यक्रम आयोजना गर्ने सन्दर्भमा बालक्लव तथा संजालका सदस्यहरुमाझ फरक प्रस्तावहरु वा फरक मतहरु प्राप्त भएमा, ती कार्यक्रमहरुको सूचि तयार गर्ने र सदस्यहरु बीच आपसी छलफल गरी ति कार्यक्रमहरुको प्राथमिकीकरण गर्न लगाउने । कार्यक्रमको छनौट तथा प्राथमिकीकरण गर्दा निम्न कुराहरुलाई आधारमा बनाउनेः

- बालबालिकाहरुको रुचि, उनीहरुसँग भएको संभावित सृजना वा कलालाई उजागर गर्ने, प्रर्वद्धन गर्ने र जोखिम रहित कृयाकलापलाई पहिलो प्राथमिकता दिने
- बालबालिकाहरुका सवालहरु उठान गर्ने र उनीहरुको सहभागितालाई प्रर्वद्धन गर्ने कृयाकलाप छनोट गर्ने ।
- अधिकार संगसंगै बालबालिकाहरुले पुरा गर्नुपर्ने कर्तब्य बारेमा बुझाउने खालका कृयाकलापहरु ।
- आर्थिक लगानी नलाग्ने र धेरै समय नलाग्ने कृयाकलापहरु र विद्यालय शिक्षालाई असर नपुऱ्याउने कृयाकलाप ।
- समुदाय तथा क्लवरुमा भेदभाव, मनमुटाव र द्वन्द सृजना नगर्ने कृयाकलाप ।
- बालबालिकाहरुको गुणस्तरीय शिक्षा र सकारात्मक आनिबानी तर्फ अभिमुख गराउने कृयाकलापहरु ।

४.बालक्लव तथा संजालका सदस्यहरु माझ बालबालिका सम्बन्धित स्थानीय सरोकारका विषयमा फरक विचार वा धारणाहरु आएमा ती धारणाहरुलाई समावेश गरी साझा धारणा बनाउनु पर्दछ । यसका लागि निम्न कार्यहरु गर्न सकिनेछ

•सबै सदस्यहरुलाई सम्बन्धित विषयमा पालैपालो आफ्ना विचारहरु छोटकरीमा राख्न दिनुपर्दछ । यसरी बिचार राख्दा अरुको बिचारलाई गलत भन्ने, होच्याउने वा सिधै नकार्न हुँदैन ।

• फरक फरक धारणाहरुलाई समेटेर कुनै सदस्यले एकै धारणा प्रस्ताव गर्न लगाउने ।

•यदि नितान्त विपरित धारणाहरु आएमा बालक्लवको बैठकमा ती फरक धारणाहरु र त्यसलाई समर्थन गर्ने सदस्य संख्या पनि लेख्ने । तर, बहुमत सदस्यहरुले ब्यक्त गरेको धारणा अनुसार बालक्लवले गतिविधि गर्नुपर्दछ ।

५.बालक्लव तथा संजालका सदस्यहरु माझ आर्थिक वा संगठन व्यवस्थापनका विषयमा विवाद भएमा :

• बाल क्लव तथा संजालका सदस्यहरु बिच विवादको विषयमा छलफल गरी आपसी सहमति सृजना गर्ने ।

• बालक्लव तथा संजालका सदस्यहरुले उठाएको विवादको विषय र उनीहरुले दिएका तर्क तथा प्रमाणहरुको सूचि बनाउने ।

• विद्यालयका प्रधानाध्यापक वा समुदायमा आधारित बालक्लवको हकमा आवद्ध समितिका संयोजकले सम्बन्धित विवादको छानविन गरी निर्णय प्रदान गर्ने ।

६. बालक्लव भित्र आउने विवादको समाधान गर्ने बैठकमा वयस्क सहजकर्ता र आवद्ध समिति वा निकायका प्रमुखको अनिवार्य उपस्थिति हुनुपर्दछ ।

## परिच्छेद ६ : बाल क्लव संजालको आर्थिक व्यवस्थापन

### २०. आर्थिक व्यवस्थापन

१.विभिन्न व्यक्ति तथा संस्थाहरुबाट आर्थिक सहयोग लिन सक्नेछन् । जस्तैः कुनैपनि व्यक्ति, संस्था वा कार्यालयबाट प्राप्त हुने सहयोग, सामाजिक संघ संस्थाहरु, विद्यालयहरु, वडा तथा गाउँपालिका र निजी क्षेत्रहरुबाट प्राप्त हुने आर्थिक सहायता । तर ती व्यक्ति तथा संस्थाहरुले बालबालिकाको हित विपरित काम गरेर आर्जन गरेको श्रोतबाट उपलब्ध गराएको सहयोग लिनु हुदैन ।

२.कुनैपनि व्यक्ति, संस्था वा कार्यालयले बालक्लव तथा संजाललाई तीन हजार भन्दा बढी आर्थिक सहयोग गर्नुपरेको अवस्थामा सो सहयोग जिन्सी वा सेवा खरिद गरी सहयोग गर्नुपर्दछ ।

३.बालक्लव तथा संजालले खर्च फछ्र्यौट गर्दा उपलब्ध बिल, भर्पाइ र आय व्ययको हस्तलिखित विवरण सहित पेश गर्न सक्नेछन् ।

४.बालबालिकासँग सम्बन्धित कुनैपनि परियोजना वा कार्यक्रम संचालनका लागि सोझै बालक्लव तथा संजालसँग सम्झौता गरी आर्थिक सहयोग प्रदान गर्न पाइने छैन । यसका लागि बालबालिकाको हकहित संरक्षणका लागि सक्रिय औपचारिक तथा अनौपचारिक समिति, समूह वा संस्था मार्फत सहयोग गर्नुपर्दछ । जस्तै : वडा बाल संरक्षण समिति र गाउँ बाल संरक्षण समिति मार्फत बालबालिकाहरुको लागि सहयोग तथा सहकार्य गर्न सकिन्छ ।

५.बालक्लव तथा संजालहरुले विभिन्न कृयाकलापहरु आयोजना गरेर पनि आर्थिक संकलन गर्न सक्नेछन् र सो आर्थिक संकलन उनीहरुले आफ्नो योजनानुसार र आफ्ना सदस्यहरुका लागि खर्च गर्न सक्नेछन् । जस्तै : देउसी भैलो, साँस्कृतिक कार्यक्रम, खेल प्रतियोगीता आदि । यस्ता कार्यक्रम आयोजन हुँदा सम्बन्धित विद्यालय, वडा तथा सहजकर्ताको स्वीकृती, सहजीकरण र सुपरिवेक्षण अनिवार्य रहनेछ ।

६.बालक्लव तथा संजालको बार्षिक आय व्यय विवरण सामान्य ढाँचामा उल्लेख गरी राख्नुपर्नेछ । ३,००० भन्दा बढी रकमको कृयाकलाप वा गतिविधि गर्न परेमा सहजकर्ताले आर्थिक व्यवस्थापन र सहजीकरणमा सहयोग गर्नुपर्नेछ । यसरी व्यवस्थापन गर्दा आम्दानी र खर्च सम्बन्धित बालक्लव तथा संजालबाट अनुमोदन गराउनु पर्नेछ ।

७.बालक्लव तथा बाल संजालले मासिक, चौमासिक वा आवधिक रुपमा बचत संकलन, लगानी वा अन्य त्यस्तै किसिमले परिचालन गर्न हुँदैन ।

## परिच्छेद७ : बालक्लव तथा संजाल र अन्य निकायहरुको सम्बन्ध र सहकार्य

### २१. स्थानीय तह (वडा तथा गाउँपालिका) सँगको सम्बन्ध र सहकार्य

१.सबै बालक्लव र संजालले आफ्नो स्थानीय स्थानीय तह (वडा तथा गाउँपालिका) को कार्यालयमा सूचिकरण तथा नवीकरण गर्नुपर्नेछ ।

२.वडा तथा गाउँपालिकाल े आफ्नो क्षेत्रभित्रको बालक्लव र संजालहरुको विवरण अद्यावधिक गर्नेछ ।

३.वडा तथा गाउँपालिकाले आफ्नो मूल योजना वा वार्षिक योजना मा बालबालिकाहरुका स्थानीय सवाल र समस्याहरु लाई सम्बोधन गर्नेगरी कृयाकलाप तथा आवश्यक बजेट विनियोजन गर्नेछ ।

४.बालक्लव तथा संजालको मासिक बैठक, बाल क्लव तथा संजालको संचालन तथा व्यवस्थापनका लागि क्षमता वृद्धि, बाल क्लव तथा संजाल सहजीकरण गर्ने सहजकर्ता र बाल संरक्षण समितिको लागि आवश्यक खर्च, खेलकुदका सामाग्री, महिनावारी सरसफाई तथा व्यवस्थापपन सम्बन्धी विद्यालयहरुमा जस्ता कृयाकलापहरुका लागि सम्बन्धित वडा तथा गाउँपालिकाले वार्षिक बजेट विनियोजन गर्नेछ ।

५.वडा तथा गाउँपालिका अर्न्तगत निर्माण र कार्यान्वयन भएका बालबालिका सम्बन्धी योजना, कार्यक्रम तथा उक्त कार्यालयहरुबाट उपलब्ध गराईने सेवा सुविधाहरु बारेमा जानकारी तथा सुचनाहरु लिने, त्यस्ता जानकारी वा सूचनाहरु प्रचार प्रसार गर्ने र ती योजना, कार्यक्रम तथा सेवा सुविधाहरुबाट बालबालिकाहरुलाई फाईदा पुगेको वा नपुगेको कुरा अनुगमन गर्ने र आवश्यक परेमा सम्बन्धी सरोकारवालाहरुसँग आवाज उठाउने काम सबै बालक्लव तथा संजालहरुले गर्न सक्नेछ ।

६.बालक्लव तथा संजालहरुले वडा कार्यालय तथा गाउँपालिकाको कार्यालय सँग आफ्नो योजना कार्यान्वयनका लागि आर्थिक, मानविय श्रोत तथा आवश्यक सामाग्रीको लागि सहयोग माग गर्न सक्नेछन ।

७.बालक्लव तथा संजालले हरेक वर्ष सम्पन्न गरेका कृयाकलापहरुको सूचि, विवरण र सामान्य प्रतिवेदन ( तोकिएको ढाँचामा) वडा कार्यालय तथा गाउँपालिकाको कार्यालयलाई उपलब्ध गराउन ुपर्नेछ ।

## २२. बालबालिका सम्बन्धी स्थानीय समितिहरुसँगको सम्बन्ध र सहकार्य

१.वडा तथा गाउँपालिका स्तरमा स्थापना गरिएका औपचारिक वा अनौपचारिक समितिहरु जस्तै : बालसंरक्षण समिति, बालमैत्री शासन समिति, मानव बेचबिखन

नियन्त्रण समिति, शिक्षा समिति र विपद व्यवस्थापन तथा जोखिम न्यूनीकरण समिति, स्वास्थ्य समिति र खानेपानी तथा सरसफाइ समिति बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने समितिहरु हुन ।

२.बालक्लव वा सञ्जालका प्रतिनिधिहरुलाई माथि उल्लेखित यस्ता समितिहरुमा सदस्यको रुपमा सहभागी गराईनेछ ।

३.यसमा उल्लेख गरिएका समितिहरुको बार्षिक योजना तथा कार्यक्रममा बाल संरक्षण, बाल विकास, बाल सहभागितालाई प्रर्वद्धन गर्ने खालका कृयाकलापहरु समावेश गरिनुपर्छ ।

४.बालक्लव, संजाल तथा जो कोहि बालबालिकाबाट प्राप्त हुन आएका वडा तथा गाउँपालिकासँग सम्बन्धित गुनासो र सुझावहरुलाई उचित सम्बोधन गराउनका लागि यस्ता स्थानीय समितिहरुद्वारा पैरवी गरिनुपर्दछ ।

५.जोखिममा रहेका कुनैपनि बालक वा बालिकाको संरक्षण तथा अन्य सहयोगका लागि सम्प्रेषण गरिएका घटनाहरुमा तत्काल सम्बोधन गर्नु पर्नेछ र आवश्यकता बमोजिम अन्य सरोकारवाला पक्षहरु वा सेवा प्रदायक संस्थाहरुसँग समन्वय तथा सहकार्य गरिनु पर्दछ ।

६.यस्ता समितिहरुले समूह कार्यलाई थप प्रोत्साहन गर्नका लागि उत्कृष्ट बाल क्लव तथा संजाल पुरस्कार र सम्मान कार्यक्रमहरु गर्न सक्नेछन् ।

## २३. विद्यालय व्यवस्थापन समिति

१.विद्यालयमा रहेका बालक्लवहरु विद्यालय व्यवस्थापन समितिसँग आवद्ध हुनुपर्दछ ।

२.विद्यालयको बार्षिक योजना तथा कार्यक्रममा बालबालिकाहरुका समस्या तथा सवालहरुलाई सम्बोधन गर्नेगरी कृयाकलाप तथा बजेट निर्धारण गरिनुपर्दछ । यसरी कार्यक्रयम तथा बजेट विनियोजन गर्दा विद्यालय स्तरीय बाल क्लवका सदस्यहरु वा प्रतिनिधिहरु सँग परामर्श गरिनुपर्दछ ।

३.विद्यालय व्यवस्थापन समितिमा सम्बन्धित विद्यालयको बालक्लवका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराईनु पर्दछ । विद्यालय व्यवस्थापन समितिको बैठकहरुमा बालबालिकाहरुले आफ्नो कुरा राख्न सक्ने वातावरण बनाइदिनु पर्दछ । उनीहरुको आवाज, समस्याहरु वा सवालहरु सुनिनु पर्दछ, र उनीहरुले राखेको समस्या,

सवाल वा सरोकारहरुको उचित सम्बोधन गरिन ुपर्दछ । यदि सम्बोधन गर्न नसकिएको खण्डमा किन सम्बोधन गर्न सकिएन भन्ने बारेमा प्रष्ट कारणहरु खुलाई दिनुपर्दछ ।

४.विद्यालय व्यवस्थापन समितिको बैठकमा छलफल हुने संवेदनशील र विवाद सृजना हुन सक्ने विषयहरु र बालबालिकाहरुको सरोकार नभएका विषयवस्तुमा जस्तै : शिक्षक नियुक्ती र कारवाही, निर्माण ठेक्कापट्टा तथा अनियमतिता जस्ता कुराहरुमा छलफल गर्दा बालबालिकालाई प्रत्यक्ष सहभागी गराईनु हुदैन ।

५.विद्यालयमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारी को व्यवहार, पढाउने शैली, विद्यालय भित्र निर्माण गरिने भौतिक संरचनाहरुको स्वरुप र गुणस्तरका विषयहरुमा छलफल गर्दा भने बाल क्लव तथा संजालका सदस्यहरुको सकेसम्म धेरै बालबालिकाको सुझाव संकलन गरिनुपर्दछ ।

## २४.अन्य सामाजिक संघसंस्था तथा सेवा प्रदायक संस्था/कार्यालयहरु

१.वडा तथा गाउँपालिका भित्र क्रियाशील विभिन्न सामाजिक संघ संस्था तथा सेवा प्रदायक संस्था तथा कार्यालयहरुले बालबालिकालाई प्रत्यक्ष प्रभाव पार्ने नीति, रणनीति, योजना, कार्यक्रम निर्माण तथा कार्यान्वियन प्रकृयाहरुमा बालक्लव तथा संजालका प्रतिनिधिहरुसँग अनिवार्य परामर्श गर्नु पर्दछ ।

२.सेवा प्रदायक संस्था तथा कार्यालयहरुले बालबालिकाको लागि निः शुल्क उपलब्ध सेवा सुविधा तथा कार्यक्रमहरुको बारेमा प्रचार प्रसार गर्न, सेवाका लागि सम्प्रेषण गर्न तथा सेवा, सुविधा तथा कार्यक्रमहरुको प्रभावकारिताको अनुगमन गर्न बाल क्लव तथा संजालहरुसँग सहकार्य गर्न सक्छन् । तर यसरी सहकार्य गर्दा बाल क्लव तथा संजालका सदस्यहरुको विद्यालय शिक्षालाई नकरात्मक असर पर्नु हुदैन ।

३.सेवा प्रदायक संस्था वा कार्यालयहरुले बालबालिकालाई जोखिम हुने, फौज्दारी अपराधका विषय, विवादित विषय, लगायतका विषयमा छलफल गर्न, उनीहरुको राय वा निश्कर्ष माग्न र त्यस्ता काममा संलग्न वा सहभागी गराउनु हुँदैन, तर न्यायिक प्रकृयामा भने जोखिममा परेका वा जोखिम प्रभावित बालबालिकासँग परामर्श गर्न सकिनेछ ।

४.सेवा प्रदायक संस्था वा कार्यालयहरुले १४ वर्षभन्दा मुनिका बालबालिकाहरुलाई कुनैपनि ज्यालादारी काममा लगाउनु हुदैन ।

## २५.योजना तर्जुमामा बाल क्लव तथा बाल संजालको प्रतिनिधित्वको व्यवस्था

१. वस्ती, वडा तथा गाउँपालिकाको योजना निर्माण चक्रमा बाल क्लव तथा संजालको प्रतिनिधित्व अनिवार्य हुनेछ । त्यसरी बालबालिकाहरुको प्रतिनिधित्व गरेर सहभागी भएका बालबालिकाहरुको विचार तथा भावना वा सरोकारहरु सुन्नलाई निश्चित समय छुट्याउन ुपर्नेछ ।

२.वडास्तर र गाउँपालिकास्तरमा बालभेला मार्फत बालबालिकाहरुको सरोकार, आवश्यकता, समस्या वा सवालहरु निर्धारण र प्राथमिकीकरण गर्नुपर्नेछ । यसरी निर्धारण र प्राथमिकीरण गरिएका सवालहरुलाई सम्बोधन गर्न वडा तथा नगरपालिकाको वार्षिक योजनामा समावेश गर्नु पर्नेछ ।

३.बालबालिकाहरुको लागि निर्माण गरिएको योजना तथा विनियोजन गरिएको बजेट बारेमा सबै बालक्लव तथा संजालहरुको जानकारीका लागि सार्वजनिक सूचना जारी गरिनुपर्नेछ । यस्तो सूचना सरल भाषामा हुनु पर्नेछ ।

## परिच्छेद ८ : बाल क्लवको सम्मिलन र विघटन सम्बन्धी व्यवस्था

## २६. बालक्लवको सम्मिलन

१. एकै विद्यालय, वडा वा गाउँपालिका भित्र रहेका दुई वा दुई भन्दा बढी बालक्लवहरु सम्मिलन हुन सक्दछन् ।

२. फरक वडा, गाउपालिका वागाउँपालिकावा फरक विद्यालय भित्र रहेका बालक्लवहरु सम्मिलन हुन सक्नेछैनन्।

३. सहजकर्ताको उपस्थितिमा मात्रै बाल क्लवका सदस्यहरुको भेलाले सम्मिलनमा जाने निर्णय गर्नु पर्नेछ ।

४. सम्मिलन गर्न चाहने सबै बालक्लवका सहजकर्ता समेतको उपस्थितीमा सदस्यहरुको भेला आयोजना गरी माथि नियम ७ मा उल्लेख भए अनुसार नयाँ कार्यसमिति चयन गर्नुपर्नेछ ।

५. सम्मिलन पश्चात नयाँ कार्यसमिति गठन भएको एक महिनाभित्र सम्बन्धित वडा कार्यालय तथा गाउँपालिकाको कार्यालयमा सम्मिलनको जानकारी दिइनुपर्दछ ।

६. यसरी सम्मिलन पछि सम्मिलन भएका बाल क्लवको सूचिकरण खारेज हुनेछ र नयाँ बालक्लव सूचिकृत हुनेछ ।

## २७ बालक्लव तथा संजालको विघटन

बाल क्लव तथा संजाल निम्न अवस्थामा विघटन भएको मानिनेछ :

१.बालक्लव तथा संजाल निरन्तर २ (दुई) बर्ष सम्म अद्यावधिक नभएमा । अद्यावधिक नभएका बालक्लव तथा संजाललाई विघटन गर्नुअघि ३ महिनाको समय राखी अद्यावधिक गर्नका लागि सूचित गरिनेछ ।

२.बालक्लव तथा संजालका बहुमत सदस्यहरुले बाल क्लव विघटन गर्ने निर्णय गरेमा ।
३.विद्यालयमा आधारित बालक्लव तथा संजालको हकमा, उचित कारण सहित विद्यालयले बालक्लव विघटन गर्न सिफारिस गरेमा ।

४.वडा कार्यालय, गाउँपालिका कार्यालय, सहजकर्ता संस्थाले उचित कारण सहित बालक्लव वा संजाल विघटन गर्न सिफारिस गरेमा ।

५.माथी ३ र ४ अनुसार बिघटन हुनुपूर्व सार्वजनिक सूचना जारी गरिनेछ र बालक्लव तथा संजालका सदस्यहरुसँग छलफल गरिनेछ ।

६.विघटन भएका बालक्लव तथा संजालहरु वडा कार्यालय तथा गाउँपालिकाको सूचिकरणबाट स्वतः खारेज हुनेछ ।

७.विघटन भएका बालक्लव तथा संजालका भौतिक श्रोत, साधन तथा दस्तावेजहरु सम्बन्धित विद्यालय, वडा कार्यालयको वा गाउँपालिकाको कार्यालयको संरक्षणमा रहनेछ र आवश्यक भएमा अर्को बालक्लव तथा संजाललाई उपलब्ध गराउन सकिनेछ ।

# परिच्छेद ९ :
# विविध

## २८. बालक्लव तथा संजाल भित्र दलगत राजनीतिक प्रभावलाई न्युनीकरण गर्नेः

१.बालक्लव तथा संजालका सदस्यहरु तथा सम्बन्धित वयस्क सहजकर्ता कुनै पनि राजनीतिक दल वा दलका भातृ संगठन सँग सम्बद्ध नरहेको व्यक्ति हुनुपर्दछ ।

२.बालक्लव तथा संजालले बाल अधिकार प्रवर्द्धन र संरक्षणका विषयमा सबै राजनीतिक दलहरुसँग खुला अन्तर्क्रिया तथा छलफल आयोजना गर्न सक्छन् ।

३.बालक्लव तथा संजालले कुनै एक राजनीतिक दल वा क्लवसँग मात्र सहकार्य गरेर कुनैपनि कार्यक्रम वा कृयाकलाप आयोजना गर्न हुँदैन ।

४.बालक्लव तथा संजालले सार्वजनिक पद धारण गरेका, निर्वाचित वा नियुक्त राजनीतिक व्यक्ति बाहेक अन्य राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिलाई आफ्नो कार्यक्रममा प्रमुख अतिथि, अतिथि, श्रोत व्यक्ति वा सहजकर्ता बनाउन हुँदैन ।

५.बालक्लव तथा संजालले कुनैपनि राजनीतिक दलको पक्ष वा विपक्षमा कार्यक्रम तथा कृयाकलापहरु संचालन तथा आयोजना गर्न हुँदैन ।

६.बालक्लव तथा संजालले कुनैपनि राजनीतिक दल वा भातृ संगठनका बारेमा विशेष जानकारी दिने, त्यस्को सदस्य बन्न प्रेरित गर्ने वा उनीहरुको कार्यक्रममा सहभागी हुने र अरुलाई सहभागी हुन लगाउने जस्ता गतिविधिहरु गर्न हुँदैन ।

## २९.बालक्लव र संजालभित्र सदभाव, सद्व्यवहार र सुरक्षित अभ्यास प्रवर्द्धन गर्ने

१. बालक्लव तथा संजालले आफ्नो संगठन निर्माण, व्यवस्थापन तथा कार्य प्रकृयाका सम्बन्धमा आचारसंहिता निर्माण गर्नुपर्दछ ।

२.बालक्लव तथा संजाल र तिनीहरुका सदस्यहरुले सबै लिंग, जाति, धर्म, वर्ग र समुदायप्रति भेदभावरहित बोली व्यवहार प्रर्दशन गर्ने, सभ्य र मर्यादित भाषाको प्रयोग गर्ने गलत सामाजिक अभ्यासहरुलाई निरुत्साहित गर्ने र आफ्नो पढाइ लेखाइ लाई प्राथमिकता दिने जस्ता कुराहरुमा जोड दिने र यसो गर्नका लागि अन्य बालबालिकाहरुलाई पनि अभिमुखीकरण गर्ने गर्नुपर्दछ ।

३.बालक्लव तथा संजालमा समावेशीताको सिद्धान्तलाई अवलम्वन्न गर्दै सबै जातजाति, लिंग, धर्म, वर्ग र समुदाय बालबालिकाको प्रतिनिधित्व तथा सहभागिता हुन सक्ने व्यवस्था गरिनु पर्दछ । बालक्लव तथा संजालको नेतृत्व छनोट गर्दा पनि ती आधारहरुलाई मान्नुपर्दछ ।

४.बालक्लव तथा संजालको बैठकमा धर्म, संस्कृति, चालचलन, अभ्यासहरुलाई प्रस्तावकै रुपमा पेश गरेर सबै सदस्यहरुले पालै पालो आफ्नो धर्म, संस्कृति, चालचलन, सामाजिक अभ्यासका राम्रा र सुधार गर्नुपर्ने कुराहरु छलफल गर्ने नियम बनाउन पनि सकिन्छ ।

## ३०. बाल क्लव तथा संजालका गतिविधिबारे साझा सुनुवाइको व्यवस्था गर्ने

१.कुनै पनि बालक्लव तथा संजाल गठन गरिनु अघि सम्बन्धित टोल, समुदाय, विद्यालय, वडा तथा गाउँपालिकामा बालक्लव तथा संजालको आवश्यकता, त्यसका फाइदाहरु र संभावित चुनौतिहरुको बारेमा अविभावकहरुलाई अनुशिक्षण गरिनु पर्दछ ।

२.बालक्लव तथा संजालले आयोजना गर्ने सबै कृयाकलापलाई सबै बालबालिका तथा अभिभावकले रुचिकर नमान्न पनि सक्छन् । त्यसैले त्यस्ता कृयाकलाप, आनीबानी, व्यवहार बारेमा गुनासो गर्ने र प्रतिक्रिया दिने व्यवस्था गरिनुपर्दछ । यसरी प्राप्त गुनासो तथा सुझाव उपर सुधार गर्नका लागि सम्बन्धित सहजकर्ता र बालक्लव तथा संजालका प्रतिनिधिहरु संयुक्त रुपमा बसी छलफल गरिनु पर्दछ

३.यसरी प्राप्त सुझाव वा गुनासोका आधारमा मात्र बालक्लव तथा संजाल विघटन गर्ने वा तिनीहरुका गतिविधिहरुलाई निषेध गर्ने वा रोक्ने कार्य गर्न हुँदैन । तर आवश्यकतानुसार उचित सुधार गर्नु पर्दछ ।

४.विद्यालयमा आधारित बालक्लव तथा संजालका गतिविधिहरु बारेमा केहि गुनासो वा सुझाव भएमा अभिभावकहरु वा सम्बन्धित जो कोहिले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा प्रधानाध्यापकलाई प्रत्यक्ष भेटेर सुझाव दिन सक्नेछन् ।

# अनुसुची-१

## बालक्लव तथा संजालको नियम ढाँचा

क) बालक्लव तथा संजालको परिचय नाम :
ठेगाना :
सुचिकरण नम्बर :
ख) बालक्लव तथा संजालको उद्देश्य र विषयहरु
१.
२.
३.
४.
ग) बालक्लव तथा संजालको संगठन
१. सदस्य बन्ने तरिका
२. नेतृत्व चुन्ने तरिका
३. विघटन हुने
४. सदस्य बन्न नपाउने व्यक्तिहरु
५. नेतृत्वमा चुनिन नपाउने व्यक्तिहरु
घ) बालक्लव तथा संजालका सदस्यले पालन गर्नुपर्ने नियमहरु
१. सदस्य भइसकेपछि पालन गर्ने नियमहरु
२. नेतृत्वमा निर्वाचित भए पछि पालन गर्ने नियमहरु
३. बैठकमा पालन गर्ने नियमहरु
४. अन्य बालक्लवका सदस्य, बालबालिका तथा निकायसँग व्यवहार गर्ने नियमहरु
ङ) बालक्लव तथा संजालको आर्थिक श्रोत
१. सदस्यता शुल्क
२. नविकरण शुल्क
३. अन्य सहायता र श्रोतहरु
४. पैसा जम्मा गरी राख्ने ठाउँ
५. आम्दानी र खर्च विवरण कसले राख्ने
च) अन्य विषयहरु

## अनुसुची-२

बालक्लव तथा संजालका लागि आवश्यक आधारभूत सामाग्रीहरु

१. बालक्लव तथा संजालको सामाग्री राख्नका लागि बाक्सा वा दराज

२. बैठक पुस्तिका

३. योजना पुस्तिका

४. बालक्लवको नियम वा विधान

५. बालक्लवका अध्ययन सामाग्रीहरु

६. बालक्लवको आम्दानी र खर्च लेख्ने लेखा कापी

७. आवश्यक्ता अनुसार खेल, शैक्षिक तथा मनोरन्जन मुलक सामाग्रीहरु

सिद्धलेक गाउँपालिका

## अनुसुची ३

बालक्लव तथा संजालको कार्ययोजना फारम

बालक्लव वा संजालको नाम :

ठेगाना:

वयस्क सहजकर्ताको नाम र सम्पर्क नं.:

सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :

सुचिकरण नं. :............................

सिद्धलेक गाउँपालिका

.अनुसुची ४

बालक्लव तथा संजालको कार्यप्रगती विवरण फाराम बालक्लव वा संजालको नाम : ठेगाना:

वयस्क सहजकर्ताको नाम र सम्पर्क नं.:

सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :

सूचिकरण नं. :..............................

| कार्यक्रमको नाम | विषय | क्हां गर्ने | कहिले गर्ने | श्रोत व्यवस्था | प्रमुख जिम्मेवार सदस्यहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

सिद्धलेक गाउँपालिका

अनुसुची ५

बालक्लव तथा संजालको बैठक पुस्तिकाको नमुना

बालक्लव तथा संजालको नाम : ......................................

बैठक संख्याः बैठक मिति :

बैठक स्थानः वयस्क सहजकर्ताको नाम :

आज मिति ............मा .............. बालक्लव वा संजालको बैठक क्लव/संजालका ................को अध्यक्षतामा बस्यो । बैठकमा उपस्थित सदस्यहरु माझ तल उल्लेखित विषयहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिती वयस्क सहजकर्ता :

आमन्त्रित (कोही भए)

बालक्लव तथा संजालका सदस्य तथा पदाधिकारीहरु

छलफलका विषयहरु

क)

ख)

ग)

निर्णयहरु

क)

ख)

ग)

सिद्धलेक गाउँपालिका

## अनुसुचि ६

### बालक्लव तथा संजालका पदाधिकारीहरुका लागि नमूना आचारसंहिता

- ❖ २० वर्ष नपुग्दै आफूले पनि विवाह नगर्ने, र बाल विवाह सँग सम्बन्धित कुनैपनि कृयाकलापलाई सहयोग नगर्ने ।
- ❖ कुनै पनि प्रकारको मद्यपान, धुम्रपान, सूर्तिजन्य पदार्थ तथा लागू औषधको सेवन नगर्ने ।
- ❖ सार्वजनिक विदा वा विद्यालय विदाको दिन बाहेक अरु दिन नियमित विद्यालय जाने ।
- ❖ विद्यालयमा आयोजना गरिने अतिरिक्त कृयाकलापहरुमा सक्रिय सहभागी हुने र आयोजना गर्ने कुरामा विद्यालयलाई सहयोग गर्ने ।
- ❖ लिंग, जाति, शारीरिक अवस्था, शैक्षिक अवस्था जस्ता कुराहरुको आधारमा कुनैपनि बालक बालिकालाई भेदभावपुर्ण व्यवहार नगर्ने ।
- ❖ कुनैपनि बालक वा बालिका उपर दुर्व्यवहार नगर्ने र यसो गर्न अरुलाई पनि नउक्साउने ।
- ❖ फुर्सदका समयलाई सृजनात्मक कृयाकलापहरुमा प्रयोग गर्ने ।
- ❖ आफुलाई जोखिम नहुने गरी घरपरिवारको कामकाजमा सघाउने ।
- ❖ टेलिभिजन, रेडियो, मोबाईल, इन्टरनेट जस्ता संचार उपकरण तथा सुविधाको दुरुपयोग नगर्ने । तर आवश्यक सूचना तथा जानकारी प्राप्त गर्न र आफ्नो पढाइ लेखाइलाई थप मजबुद बनाउन प्रयोग गर्ने ।
- ❖ आफ्नो अधिकारको प्रयोग गर्दा अरुहरुलाई हानी नोक्सानी नहुने गरी गर्ने ।
- ❖ आफु भन्दा सानो उमेरका भाई बहिनीहरुलाई माया तथा हेरचाह गर्ने ।
- ❖ अभिभावक, शिक्षक र प्रौढहरुको कुरा सुन्ने र राम्रो कुराहरुलाई अबलम्बन गर्ने ।
- ❖ बस्ती, समुदाय, वडा र गाउँपालिका स्तरका योजना प्रक्रियाहरुमा बालबालिकाहरुको तर्फबाट प्रतिनिधित्व गर्ने र बालबालिकाहरुका सवाल, समस्या तथा सरोकारहरु राख्ने ।